# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, भदौ २० गते २०३३ साल [अतिरिक्ताङ्क १६ (क)

### गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको

### सूचना

गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको व्यवस्था गर्न बनेको नियमावली

नेपालको संविधानको धारा ६७ ख. को उप–धारा (५) ले दिएको अधिकार प्रयोग गरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले बनाएको देहायका नियमहरूलाई श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले सूचना प्रकाशित गरी तोकेको जिल्लामा तोकिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "केन्द्रीय समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति सम्झनुपर्छ ।

(ख) "अञ्चल समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति सम्झनुपर्छ ।

६५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "जिल्ला समिति" भन्नाले नियम ३ बमोजिम गठित हुने गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति सम्झनुपर्छ ।

(घ) "सदस्य" भन्नाले जिल्ला समितिको सदस्य सम्झनुपर्छ ।

(ङ) "नगर समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान नगर समिति सम्झनुपर्छ ।

(च) "गाउँ समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान गाउँ समिति सम्झनुपर्छ ।

(छ) "वर्गीय संगठन" भन्नाले नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल प्रौढ संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठन सम्झनुपर्छ ।

३. जिल्ला समितिको गठन: (१) केन्द्रीय समितिले आवश्यकतानुसार प्रत्येक जिल्लामा एउटा जिल्ला समिति गठन गर्न सक्नेछ । समितिमा सम्बन्धित जिल्लाबाट अञ्चल समितिको सदस्य पदमा नियुक्त व्यक्ति पदेन अध्यक्ष हुनेछ र केन्द्रीय समितिबाट मनोनीत तीन जना सदस्य र एक जना सदस्य-सचिव रहनेछन् । सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समितिको पदेन सदस्य हुनेछ ।

(२) केन्द्रीय समितिले जिल्ला समितिलाई विघटन गरी नयाँ गठन गर्न सक्नेछ । सो गर्दा केन्द्रीय समितिले आवश्यक देखेमा अञ्चल समितिको राय लिन सक्नेछ ।

४. शपथग्रहण: सदस्यले कार्यभार सम्हाल्नुभन्दा अघि सम्बन्धित जिल्लाको जिल्ला न्यायाधीश–समक्ष अनुसूची १ र २ मा तोकिएबमोजिमको पद र गोपनियताको शपथग्रहण गर्नु पर्नेछ, तर जिल्ला न्यायाधीश नरहेको अवस्थामा केन्द्रीय समितिले तोकेको पदाधिकारीसमक्ष शपथग्रहण गर्न सकिनेछ ।

५. पदावधि र पारिश्रमिक: (१) नियम ६ को अधीनमा रही सदस्यको पदावधि सामान्यतः चार वर्षको हुनेछ र निज पुनः मनोनीत हुन सक्नेछ ।

(२) सदस्यको पारिश्रमिक तथा अन्य सुविधाहरू केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

६. सदस्य कायम नरहने: देहायका अवस्थामा जिल्ला समितिको सदस्यता कायम रहने छैन:–

(क) केन्द्रीय समितिका अध्यक्षसमक्ष पेश गरेको लिखित राजीनामा निजबाट स्वीकृत भएमा,

(ख) केन्द्रीय समितिले हटाएमा,

(ग) जिल्ला समिति विघटन भएमा,

६९५ (घ) आचार संहिता उल्लंघन गरे बापत सदस्यताबाट हटाइएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) पदावधि समाप्त भएमा, वा

(च) पदेन सदस्यको हकमा निज आफ्नो पदमा नरहेमा ।

७. रिक्त स्थानको पूर्ति: कुनै सदस्यको स्थान सो सदस्यको पदावधि समाप्त नहुँदै रिक्त हुन गयो भने त्यसको पूर्ति बाँकी अवधिको लागि मात्र हुनेछ ।

८. जिल्ला समितिको काम तथा कर्तव्य: यो नियमावलीमा अन्यत्र उल्लेख गरिएका अन्य कामको अतिरिक्त जिल्ला समितिले गर्नु पर्ने काम तथा कर्तव्य देहायबमोजिम हुनेछ ।

(क) केन्द्रीय समितिद्वारा प्रतिपादित दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सिद्धान्त तथा व्याख्यालाई आफ्नो क्षेत्रभित्रका सबै पञ्च कार्यकर्ता र जन-साधारणलाई व्यापक रूपमा बोध गराउने,

(ख) अञ्चल समितिले समय-समयमा तोकेको काम गर्ने तथा ती समितिहरूबाट आएको निर्देशन पालन गर्ने, र

(ग) प्रचलित नेपाल कानूनमा व्यवस्था भएबमोजिम अन्य काम गर्ने ।

९. पञ्चभेलाको विवरण तैयार गर्ने: (१) अञ्चल समितिको निर्देशनबमोजिम जिल्ला समितिले जिल्ला तथा गाउँ वा नगर स्तरमा पञ्चभेलाको सञ्चालन गर्नेछ ।

(२) पञ्चभेलामा छलफल तथा निर्णय भएका विषयहरूको विवरण तैयार पारी आफ्नो सुझाव सहित उक्त विवरण जिल्ला समितिले अञ्चल समितिमा पठाउनुपर्छ ।

१०. राजनीतिक कार्यक्रम: (१) राजनीतिक कार्यक्रमको तर्जुमाका लागि, नगर, वा गाउँ समितिबाट प्राप्त भएका सुझावहरूउपर समेत विचार गरी आफ्नो सुझाव तैयार पारी जिल्ला समितिले अञ्चल समितिमा पठाउनेछ।

(२) उप-नियम (१) बमोजिम जिल्ला समितिले सुझाव तैयार पार्दा केन्द्रीय समितिले निर्धारण गरेको आधारभूत नीति तथा सो समितिले दिएको निर्देशनको आधारमा तैयार पार्नेछ ।

११. विवरण तथा मूल्याङ्कन: (१) केन्द्रीय समितिद्वारा निर्धारित तरीका अनुसार नगर सभा वा गाउँ सभा र अन्य उपलब्ध स्रोतहरूबाट पञ्च कार्यकर्ताको आचरण तथा क्रियाकलापबारे जानकारी प्राप्त गरी जिल्ला समितिले विवरण तैयार पार्नेछ ।

(२) जिल्ला समितिले उप-नियम (१) बमोजिम तैयार गरेको पञ्च कार्यकर्ताको विवरणको प्रतिलिपि अञ्चल र केन्द्रीय समितिमा पठाउनेछ ।

(३) उप-नियम (१) बमोजिमको विवरणको आधारमा जिल्ला समितिले नगर सभा, गाउँ सभा र वर्गीय संगठनको प्रारम्भिक परिषद्को सदस्यहरूको मूल्याङ्कन गर्नेछ ।

(४) उप-नियम (३) बमोजिम मूल्याङ्कन गर्ने विधि केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

६९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१२. आचार संहितासम्बन्धी कारवाही: (१) नगर सभा, गाउँ सभा र वर्गीय संगठनको प्रारम्भिक परिषद्का कुनै सदस्यले आचार संहिता उल्लंघन गरेमा सम्बन्धित जिल्ला समितिले कारवाही गर्नेछ ।

तर त्यसरी कारवाही गर्दा आवश्यक देखेमा जिल्ला समितिले सम्बन्धित नगर समिति र गाउँ समितिको राय बुझ्न सक्नेछ ।

(२) आचार संहिता उल्लंघन गरे बापत कारवाई गर्दा अपनाउनु पर्ने कार्यविधि केन्द्रीय समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

तर, आरोप लागेका सदस्यलाई आफ्नो सफाइ दिनको निमित्त मनासिव मौकाबाट वंचित गरिनेछैन ।

(३) आचार संहिता उल्लंघन गरेमा देहायबमोजिमको कारवाई हुन सक्नेछ:–

(क) नसिहत दिने,

(ख) आत्म आलोचना गराउने,

(ग) सदस्यताबाट हटाउने, वा

(घ) कुनै निश्चित अवधिसम्मको लागि कुनै खास निकायको निर्वाचनमा उम्मेदवार हुनबाट वंचित गर्ने ।

१३. वर्गीय संगठनको परिचालन: गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२ को नियम १६ मा उल्लेख भए अनुसार स्थानीय पञ्चायतहरूले विभिन्न वर्गीय संगठहरूलाई कतिको क्रियाशील पार्न सकेका छन् भन्ने कुराको जिल्ला समितिले अध्ययन गरिरहनु पर्नेछ र त्यसको जानकारी अञ्चल समितिलाई दिनु पर्नेछ। त्यसरी अध्ययन गर्दा वर्गीय संगठनको परिचालनमा कुनै बाधा अडचन देखिएकोमा जिल्ला समितिले आफ्नो सुझाव समेत अञ्चल समितिमा पठाउनुपर्छ ।

१४. अध्यक्षको कर्तव्य र अधिकार: जिल्ला समितिको अध्यक्षको कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ:–

(क) उप-समितिहरू वा सदस्य-सचिवले पेश गरेको प्रतिवेदन वा प्राप्त सुझावह बैठकमा पेश गर्न लगाउने,

(ख) केन्द्रीय र अञ्चल समितिको निर्देशनका अधीनमा रही जिल्ला समितिले स्वीकृत गरेको निर्णयहरू कार्यान्वित गर्ने, गर्न लगाउने र तिनको कार्यान्वयनमा कुनै बाधा देखेमा बैठकमा पुनः विचारार्थ पेश गर्न लगाउने,

(ग) सदस्य-सचिवलाई कार्य सञ्चालनसम्बन्धी आवश्यक निर्देशन दिने,

(घ) गाउँफर्क राष्ट्रिय अभियानको उद्देश्य पूर्तिको सिलसिलामा सदस्यहरूको बीच भएका छलफलको निष्कर्षको निर्णय पुस्तिका राख्न लगाउने र सो पुस्तिकामा दस्तखत गर्ने, र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) गाउँ समिति र नगर समितिका गतिविधि र जिल्ला समितिका निर्णय एवं सुझावहरू अञ्चल समितिमा पठाउने ।

१५. सदस्यहरूको कर्तव्य र अधिकारः जिल्ला समितिका सदस्यहरूको कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) गाउँफर्क राष्ट्रिय अभियानको उद्देश्य अनुरूप जिल्ला समितिद्वारा तोकिएको काम पूर्ण जिम्मेवारी सहित सम्पन्न गर्ने गराउने, र

(ख) गाउँफर्क राष्ट्रिय अभियानको उद्देश्यहरूको पूर्तिको लागि उपयुक्त सुझावहरू जिल्ला समितिमा पेश गर्ने ।

१६. सदस्य-सचिवको कर्तव्य र अधिकारः जिल्ला समितिका सदस्य-सचिवको कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) जिल्ला समितिको निर्णयहरू निर्णय पुस्तिकामा लिपिवद्ध गर्ने गराउने,

(ख) अध्यक्षसंग परामर्श गरी जिल्ला समितिको बैठकमा पेश गर्ने विषयको सूची तैयार पार्ने,

(ग) जिल्ला समितिअन्तर्गत गठन हुने उप-समितिहरू तथा गाउँफर्क राष्ट्रिय अभियानसंग सम्बन्धित विभिन्न अङ्गहरू बीच समन्वय कायम गर्ने तथा सहयोग पुऱ्याउने,

(घ) जिल्ला समितिको कार्यालयका कर्मचारीहरूको प्रशासन, रेखदेख र नियन्त्रण गर्ने,

(ङ) जिल्ला समितिको निर्णय प्रमाणित गर्ने,

(च) पञ्च कार्यकर्ताको विवरण र मूल्याङ्कन सम्बन्धित तथा अन्य गोप्य कागजातहरू गोप्य गरी राख्ने, र

(छ) जिल्ला समितिद्वारा समय समयमा तोकिएबमोजिमको कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने ।

१७. जिल्ला समितिको बैठकः (१) जिल्ला समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ ।

(२) अध्यक्षको निर्देशानुसार सदस्य-सचिवले बैठक बोलाउनेछ ।

(३) बैठकको अध्यक्षता जिल्ला समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अञ्चल समितिले तोकेको जिल्ला समितिका अन्य सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिनेछ ।

(५) जिल्ला समितिको बैठक सामान्यतः पूर्व सूचना दिएर बोलाउनु पर्नेछ ।

(६) विषयसूचीभित्र नपरेका विषयहरूमा वा परे पनि गाउँफर्क राष्ट्रिय अभियानको उद्देश्य विपरीत देखेमा अध्यक्षले बैठकमा छलफल हुन नदिने बन्देज लगाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) जिल्ला समितिका सम्पूर्ण सदस्य संख्याको बहुसंख्या बैठकको गणपूरक संख्या मानिनेछ ।

तर गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा आवश्यकतानुसार अर्को बैठक बोलाइनेछ र सो बैठकमा गणपूरक संख्याको अनिवार्यता रहने छैन ।

(८) कुनै कारणवस सदस्य-सचिव अनुपस्थित भएमा अञ्चल समितिले तोकेको सदस्यले सदस्य–सचिवको काम गर्नेछ ।

१८. उप-समिति: (१) आफ्नो काम सुचारू रूपले सञ्चालन गर्न जिल्ला समितिले केन्द्रीय समितिको पूर्व स्वीकृति लिई आफ्ना सदस्यहरूको संयोजकत्वमा आवश्यकतानुसार उप-समिति गठन गर्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिमको उप-समितिको काम तथा कार्यविधि केन्द्रीय समितिल तोकेबमोजिम हुनेछ ।

१९. आन्तरिक कार्यविधि: जिल्ला समितिले गर्नु पर्ने काम सुचारू रूपले सम्पादन गर्न यस नियमावलीमा लेखिएका कुराका अतिरिक्त अन्य कुनै कुराको सम्बन्धमा आन्तरिक कार्यविधि व्यवस्थित गर्न वान्छनीय देखिएमा केन्द्रीय समितिले यस सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

२०. निर्देशनको पालन: जिल्ला समितिले दिएको निर्देशन सम्बन्धित नगर वा गाउँ समितिले पालन गर्नुपर्छ ।

२१. जिल्ला समितिले गर्ने: नगर वा गाउँ समिति नरहेको अवस्थामा उक्त समितिले गर्नु पर्ने काम सम्बन्धित जिल्ला समितिले गर्नेछ ।

२२. वार्षिक प्रतिवेदन तथा अधिवेशन: (१) जिल्ला समितिले आफ्नो काम कारवाईको संक्षिप्त वार्षिक प्रतिवेदन केन्द्रीय समितिमा र अञ्चल समितिमा पठाउनुपर्छ ।

(२) जिल्ला समितिले सम्बन्धित नगर वा गाउँ समितिका सदस्यहरूको आवश्यकतानुसार अधिवेशन बोलाउनेछ ।

२३. कोष: (१) केन्द्रीय समितिले स्वीकृत गरेबमोजिम सो समितिबाट प्राप्त रकमबा जिल्ला समितिको आफ्नो एउटा कोष रहनेछ ।

(२) केन्द्रीय समितिले तोकेबमोजिम जिल्ला समितिले प्रत्येक वर्षको निमित्त अनुमानित आय–व्ययको फाँटवारी तैयार गरी केन्द्रीय समितिमा पठाउनेछ ।

(३) कोष सदस्य-सचिवको जिम्मा रहनेछ ।

(४) अञ्चल समितिको निर्णय अनुसार सदस्य-सचिवले खर्च गर्नेछ ।

२४. हिसाबकिताब तथा लेखापरीक्षण: (१) जिल्ला समितिको आय–व्यय र नगद जिन्सीको स्नेस्केवारी सदस्य-सचिवले दुरुस्त राख्ने, राख्न लगाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जिल्ला समितिको हिसाबकिताबको वार्षिक लेखापरीक्षण महालेखा परीक्षक-द्वारा हुनेछ र निजले त्यस्तो प्रतिवेदन एकप्रति केन्द्रीय समितिमा पठाउनेछ ।

२५. बरबुझारथः (१) जिल्ला समितिको चल अचल सम्पत्ति तथा कार्यालयको गैर कागजात बरबुझारथ गर्ने दायित्व सदस्य-सचिवको हुनेछ ।

२६. कर्मचारीहरूको नियुक्तिः (१) जिल्ला समितिको कार्यालयमा केन्द्रीय समितिको निर्णयानुसार स्वीकृत दरबन्दीको कर्मचारी रहनेछन् ।

(२) जिल्ला समितिका कर्मचारीहरूको नियुक्ति, बढुवा, बर्खास्त, तथा सेबाका अन्य शर्तहरू केन्द्रीय समितिले तोकिदिए अनुसार हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – १
(नियम ४ संग सम्बन्धित)

श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरूप्रति पूर्णतया बफादार र पञ्चायती व्यवस्थाप्रति निष्ठावान् रही आफ्नो सम्पूर्ण योग्यता र ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पालन गर्नेछु भनी गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिको सदस्य। सदस्य-सचिव पदमा नियुक्त भएको म.............. ...................ईश्वरको नाममा शपथ लिन्छु।

सत्य निष्ठासहित प्रतिज्ञा गर्दछु।

हस्ताक्षर...............

मितिः–

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – २

(नियम ४ संग सम्बन्धित)

म...................................परमेश्वरलाई साक्षी राखेर शपथ ग्रहण गर्दछु कि गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिको सदस्य। सदस्य-सचिवको हैसियतमा कामकाज गर्दा मलाई ज्ञान भएको वा हुनआएको गोप्य कुराहरू मेरा पदको कर्तव्य पालन गर्ना निमित्त बाहेक अरू कसैलाई म यस जिल्ला समितिको कार्यालयमा बहाल रहे नरहेको जुनसुकै अवस्थामा पनि लेखेर वा बोलेर वा अरू कुनै माध्यमबाट थाहा दिने छैन ।

हस्ताक्षर..........

मितिः–

आज्ञाले–
डा. मोहम्मद मोह्सिन
सदस्य–सचिव
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति

मुद्रण विभाग, सिंहदरबार

603

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

608

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।